प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# संवत् २०८० साल माघ २९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

**प्र.मं.प.बै.सं. २८।०७९**

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | समपुरक तथा विशेष अनुदान अन्तर्गत आयोजना/कार्यक्रम समावेश गर्न नेपाल सरकार मार्फत राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | प्रदेश निजामती सेवा पुरस्कार सिफारिस समितिलाई पूर्णता दिने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | नार्सों गाउँपालिका मनाङको वडा सीमाना संशोधनका लागि नेपाल सरकारमा सिफारिस गर्ने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | कडा रोग (क्यान्सर र ब्रेन ट्युमर) लागेका व्यक्तिहरूलाई आर्थिक सहायता उपलब्ध गराउने। |
| ५. | आर्थिक मामिला मन्त्रालय | गण्डकी प्रदेश आन्तरिक लेखापरीक्षण निर्देशिका, २०८० स्वीकृत गर्ने। |
| ६. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने। |
| ७. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक, २०८० गण्डकी प्रदेश सभामा पेश गर्न स्वीकृत दिने। |
| ८. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० गण्डकी प्रदेश सभामा पेश गर्न स्वीकृत दिने। |

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

## संवत् २०८० साल फागुन ३ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

**प्र.मं.प.बै.सं. २९।०७९**

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | प्रदेश सभाको आव्हान गर्न गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | गण्डकी प्रदेश सरकार मातहत कार्यालयहरूबाट नमूना कार्यालय छनौट गरी पुरस्कृत गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | प्रदेश निजामती सेवा पुरस्कारका लागि कर्मचारी तथा पुरस्कार छनौट गर्ने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | प्रदेश विपद् व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने। |
| ५. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | सुरक्षाकर्मीहरूलाई प्रदेश शान्ति सुरक्षा तथा विपद् उद्धार पुरस्कार प्रदान गर्ने। |
| ६. | आर्थिक मामिला मन्त्रालय | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (चौथो संशोधन) कार्यविधि, २०८० स्वीकृत गर्ने। |
| ७. | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | संयुक्त राज्य अमेरिकामा आयोजना हुने कार्यक्रममा सहभागी हुन माननीय मन्त्री सरस्वती अर्याल तिवारीको वैदेशिक भ्रमण स्वीकृतिको लागि नेपाल सरकारमा अनुरोध गर्ने। |
| ८. | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | प्रदेश भूमि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ९. | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| १०. | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | निक साइमन्स (Nick Simons Institute, NSI), सानेपा, ललितपुरले गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै उक्त संस्थालाई प्रदेश स्थापना दिवसको अवसरमा सम्मान गर्ने। |

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

## संवत् २०८० साल फागुन २३ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

**प्र.मं.प.बै.सं. ३०।०७९**

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख श्री पृथ्वीमान गुरुङलाई औषधी उपचार सहायता उपलब्ध गराउने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | गण्डकी प्रदेश किताबखाना (कार्यसंचालन) कार्यविधि, २०८० स्वीकृत गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०८० (दोस्रो संशोधन) स्वीकृत गर्ने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् | प्रदेश सभाको चालु अधिवशन अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | गण्डकी प्रदेशमा उत्पादित घरेलु मदिराको नियमन तथा व्यवस्थापन गर्ने सम्बन्धी विधेयक तर्जुमाको सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ६. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | गण्डकी प्रदेशको राजधानी पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने। |
| ७. | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | गण्डकी प्रदेशमा विद्युत सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको सैद्धान्तिक स्वीकृति दिने। |
| ८. | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | गण्डकी प्रदेशमा जलस्रोत सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको सैद्धान्तिक स्वीकृति दिने। |
| ९. | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन तर्जुमाको लागि सैद्धान्तिक सहमति दिने। |
| १०. | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | गण्डकी प्रदेश स्वास्थ्य तालिम रणनीति, २०८०-८७ स्वीकृत गर्ने। |

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयहरू

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*